2058
SAHAMATI

# "Nature based Solutions-Triple Benefit Program-Nepal"

## Terms of Reference (TOR)

सहमति र वर्ल्ड वाईड फन्ड (WWF) को साझेदारीमा नवलपरासी (ब.सु.पू) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाँऊपालिकाको गिन्द्रि जलाधार क्षेत्र र चितवन जिल्लाको भरतपुर महानगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र इच्छाकामना गाँऊपालिकाको खगेरी जलाधार क्षेत्रमा सञ्चालित **प्रकृतिमा आधारित समाधान–टि.वि.पि कार्यक्रम** सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायहरुको क्षमता अभिवृद्धी, जनचेतनामुलक कार्यक्रम, जलाधार क्षेत्र व्यवस्थापन, वन व्यवस्थापनमा सुधार, जीविकोपार्जन विविधीकरण, बजारमा पहुँच, वकालत र अभियानहरु, बहुपक्षिय छलफल, सहभागिता मूलक र समावेशी संरक्षण अधिकारको क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन हुँदैछ्न । यसै कार्यक्रमका लागि अनुसुचि १ अनुसार पानी मैत्री प्रविधि सामाग्री खरिद गरी स्थानिय कृषकहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्याद भित्र पेश गर्ने गरि सिलबन्दी कोटेशन आह्वान गरिन्छ ।

**शर्तहरु :**

१)नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२) अनुसूची-१ मा भएका सामग्रीहरुको गुणस्तर तथा विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्नेछ ।

३) कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशनमा तोकिएको दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

४) सिलबन्दी कोटेशन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

५) सिलबन्दी कोटेशन कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

६) आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

७) छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग सम्झौता गरिनेछ ।

८) सिलबन्दी कोटेशनको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

**९) पेशगर्नुपर्ने आवश्यक कागजातहरू :**

सहमति
SAHAMATI
(२०५८) Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Human Development)

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)
ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि
ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि
घ. सिलबन्दी कोटेशन बुझाएको निबेदन

## १० अनुमानित आवश्यक सामग्रीहरुको परिमाण

### A. Water efficient technology (Rain water harvesting):

| क्र.स | सामग्रीको नाम | सामग्रीको विवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | डुढ ( घरको छानामा राख्ने) | न्युनतम ३५ मि.मि को पाता, साईज १२ ईन्च, १४ ईन्च हुक तथा सोलि सहित तयारी | फुट | २२७० | |
| २ | यु.पि.सी पाइप सेतो | २.५ इन्च ४ के.जि प्रेसर, ६ मिटर, एन एस चिन्न प्राप्त | पिस | ५० | |
| ३ | यु.पि.सी एल्वो | २.५ इन्च ४ के.जि प्रेपर | पिस | १०० | |
| ४ | Rc Socket (Jasta/Metal) | २.५ इन्च | पिस | ७५ | |
| ५ | यु.पि.स T-Socket | २.५ इन्च ४ के.जि प्रेपर | पिस | ६० | |
| ६ | Color Water Tank | ५०० लि. ३ लेयर निलो वा हरियो | पिस | ४० | |
| ७ | किला (काटी) | १ देखि ३ इन्च | के.जि | ५० | |
| ८ | Binding Wire | | के.जि | ५० | |

*नोट : सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट वा कुनै सामग्री रद्ध हुन सक्ने छ जसको लागि कोटेशन दाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ ।*

११. सिलबन्दी कोटेशनपेश गर्दा अनिवार्य रुपमा यस TOR मा सम्लग्न अनुसूचि भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।
१२. सिलबन्दी कोटेशन छनौट गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

१३.**दर भाउपत्र पेश गर्ने प्रक्रिया :**

- ईच्छुक कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरूले दरभाउपत्र पेश गर्दा खाम बाहिर सिलबन्दी कोटेशन मिति २०८१।०८।१९ गते तदअनुसार (4th December, 2024) गते ५:०० बजे भित्र सहमतिको केन्द्रिय कार्यालय, गैंडाकोट नगरपालिका, वडा नं. ५, नवलपरासी पुर्वमा बाहिरी खाममा फर्मको नाम तथा फोन नम्बर साथै **“पानी मैत्री प्रविधि सामग्री खरीद सम्बन्धी कोटेशन”** लेखी पठाउन सकिनेछ ।
- सिलबन्दी दरभाउ पत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने वा कुनै कारणबस प्रक्रिया रद्ध गर्नुपरेमा वा आंशिक वा पुरै समाग्री खरिद गर्ने नगर्ने वा सो सम्बन्धी सम्पूर्ण अधिकार सहमति संस्थामा निहित रहनेछ र कोटेशन पेश गर्नेलाई सो को बारेमा जानकारी दिन संस्था बाध्य हुने छैन ।

सहमति
SAHAMATI
Gaindakot, Nawalparasi
(२०५८)

## अनुसूची १

## Rain water harvesting सम्बन्धि सामग्रीहरुको विवरण

| सामाग्रीको नाम | सामाग्रीको विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| डुढ ( घरको छानामा राख्ने) | न्युनतम ३५ मि.मि को पाता, साईज १२ ईन्च, १४ ईन्च हुक तथा सोलि सहित तयारी | फुट | | | | |
| यु.पि.सी पाइप सेतो | २.५ इन्च ४ के.जि प्रेसर, ६ मिटर, एन एस चिन्न प्राप्त | पिस | | | | |
| यु.पि.सी एल्वो | २.५ इन्च ४ के.जि प्रेपर | पिस | | | | |
| Rc Socket (Jasta/Metal) | २.५ इन्च | पिस | | | | |
| यु.पि.स T-Socket | २.५ इन्च ४ के.जि प्रेपर | पिस | | | | |
| Color Water Tank | ५०० लि. ३ लेयर निलो वा हरियो | पिस | | | | |
| किला (काटी) | १ देखि ३ इन्च | के.जि | | | | |
| Binding Wire | | के.जि | | | | |

क) माथी उल्लेखित सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट हुन सक्नेछ जसको लागि कोटेशन दाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउनेछ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ। माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ।

**आवेदक**

हस्ताक्षर: ..........................

नाम:

मिति:

छाप: फोन नं.:

सहमति SAHAMATI Gaindakot, Nawalparasi